# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

**खण्डः९** | **संख्याः २४** | **प्रमाणिकरण मितिः २०८३/०३/१०**

**भाग १**

## जीतपुरसिमरा उपमहानगरपालिका

## विनियोजन ऐन, २०८३

जीतपुरसिमरा उपमहानगरपालिका, बाराको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**सभाबाट स्वीकृत मितिः २०८३/०३/१०**

**प्रस्तावनाः** जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत महाशाखा/शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,८७,००,००,०००.०० (अक्षेरुपी रुपैयाँ एक अर्ब सतासी करोड मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त जीतपुरसिमरा उपमहानगरपालिका, बाराको नगर कार्यपालिका, वडा समिति र विषयगत महाशाखा/शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत महाशाखा/शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा एक शिर्षकबाट सो शिर्षकको जम्मा नगर स्तरीय योजना तथा कार्यक्रमको कुल बजेटको १० प्रतिशतमा नबढ्ने गरी नगर प्रमुखले, वडा स्तरीय योजना तथा कार्यक्रमको हकमा वडाको कुल बजेटको १० प्रतिशतसम्म वडा समितिको सिफारिसमा र नगरको कुल बजेटको १० प्रतिशत भन्दा बढी २५ प्रतिशत सम्म कार्यपालिकाको निर्णयबाट कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपमहानगरपालिकाको बजेट खर्च गर्दा २४ वटै वडा कार्यालयहरु, नगर अस्पताल, प्रशासन महाशाखा, योजना तथा पूर्वाधार विकास महाशाखा र सामाजिक तथा आर्थिक विकास महाशाखालाई यस आर्थिक वर्ष २०८३/८४ मा सुत्र प्रणालीमा छुट्टै कोड उपलब्ध गराई अख्तियारी दिई खाता संचालन गराउन सकिनेछ ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका